फोन नं.:- ०६८-५२०२३३
फ्याक्स नं.:- ०६८-५२०१३३

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

मिति: २०७८।०१।२२

## बागलुङ जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी गरिएको आदेश !

**विश्वभर फैलिँदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण बढ्दै गएको सन्दर्भमा संक्रमण फैलावट रोक्न (Chain Break) तमानखोला गाउँपालिका र वरेङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको पत्रबाट अनुरोध भइ आए बमोजिम मिति २०७८।०१।२२ गते बसेको जिल्ला सुरक्षा समितिको बैठकको निर्णयानुसार तमानखोला गाउँपालिका र वरेङ गाउँपालिका क्षेत्रभर मिति २०७८।०१।२४ गते विहान ५.०० बजेदेखि मिति २०७८।०१।३१ गते रातको १२.०० बजेसम्म लागू हुने गरी मिति २०७८।०१।०७ गते यस कार्यालयबाट जारी गरिएको आदेशका अतिरिक्त देहाय बमोजिमको आदेश जारी गरिएको छ।**

१. अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कने र हिड्डुल नगर्ने।
२. एम्बुलेन्स, दमकल, शववाहन, खाद्यसामाग्री तथा पशुपंक्षीका दाना, तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, पानी, बीउ बिजन, कृषि उपज, ग्याँस तथा पेट्रोलियम पदार्थ र निर्माण सामाग्री बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले ड्युटी जाने आउने प्रयोजनमा प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ्य सेवाका सामाग्री बोकेका सवारी साधनहरु, अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधनहरु, प्रेस पास तथा परिचयपत्र वाहक सञ्चारकर्मीले प्रयोग गरेका सवारी साधनहरु बाहेकका सवारी साधन सञ्चालन नगर्ने।
३. औषधी एवम् स्वास्थ्य सामाग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने।
४. खाद्यसामाग्री तथा पशुपंक्षीका दाना, तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, पानी, ग्याँस लगायतका अत्यावश्यक सेवाका पसलहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गरी विहान ७-१० बजेसम्म मात्र सञ्चालन गर्ने।
५. सार्वजनिक निर्माण कार्य स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी निर्वाध रुपमा सञ्चालन हुने।
६. बैवाहिक कार्यक्रम घरबाट मात्र सञ्चालन गर्ने (पार्टी प्यालेसबाट सञ्चालन गर्न नपाइने), सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी एक पक्षबाट ७ जना भन्दा बढी व्यक्ति सहभागि हुन नपाइने।
७. बैंक तथा वित्तीय संस्थाबाट प्रदान हुने अत्यावश्यक सेवाहरु न्यूनतम कर्मचारी उपस्थित भई सञ्चालन गर्ने। सहकारी संस्थाहरु सञ्चालन नगर्ने।
८. यस कार्यालयबाट सवारी पास जारी नहुने। अत्यावश्यक कामका लागि यात्रा गर्नुपर्दा आवश्यक कागजपत्र (अस्पतालका कागज वा अत्यावश्यक कार्य प्रमाणित हुने कागजपत्र) देखाई प्रहरीसँग समन्वय गरी अनुमति प्राप्त भए पश्चात मात्र यात्रा गर्ने।

उल्लेखित आदेशको अवज्ञा गरी कार्य गरे गराइएको पाइएमा स्थानीय प्रशासन ऐन, २०२८, संक्रामक रोग ऐन, २०२० एवम् अन्य प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ।

२०७८।०१।२२
शिवकुमार कार्की
प्रमुख जिल्ला अधिकारी